नोबेलविरुद्धको आन्दोलन सशक्त बनाउन सबैमा अपिल

◆ हाम्रोमत संवाददाता

विराटनगर, ११ माघ

नोबेल मेडिकल कलेज र केएमसी लगायत मेडिकल कलेजहरूमा चलिरहेको विद्यार्थी आन्दोलनमा नागरिक समाज, अभिभावकलगायतको ऐक्यवद्धताका निम्ति विद्यार्थी संगठनहरुले अपिल गरेका छन् ।

विद्यार्थी संगठनहरुले मंगलबार जारी गरेको विज्ञप्तिमा देशभरका मेडिकल विद्यार्थी, अभिभावक, पत्रकार, नागरिक समाजलगायतलाई जारी आन्दोलनमा सहभागिता र ऐक्यबद्धताको लागि अपिल गरिएको हो ।

नेविसंघ अध्यक्ष राजिव ढुंगाना, अखिल (क्रान्तिकारी) अध्यक्ष पञ्चा सिंह, अनेरास्ववियु अध्यक्ष सुदेश पराजुली, समाजवादी विद्यार्थी युनियनका अध्यक्ष रुपनारायण श्रेष्ठ, मोहन वैद्य निकट अखिल (क्रान्तिकारी)का हरिकृष्ण गजुरेल, विप्लव विद्यार्थी संगठनका अध्यक्ष प्रकाश शाही, अखिल छैठौंका देवेन्द्र कुँवर र अखिल नेपाल विद्यार्थी युनियनका अध्यक्ष मनिष भट्टराईले संयुक्त रुपमा विज्ञप्ति जारी गरेका हुन् । विज्ञप्तिमा कलेज प्रशासको दुर्व्यवहार र दमनको निन्दा गर्दै घाइते विद्यार्थीको स्वास्थ्यलाभको कामना गरिएको छ ।

काठमाडौं मेडिकल कलेज र नोबेल मेडिकल कलेजमा लिइएको अतिरिक्त शुल्कविरुद्ध चलेको आन्दोलनमा विद्यार्थी र कलेज प्रशासनबीच समझदारी कायम हुन नसक्दा आन्दोलन थप मुठभेडतर्फ अघि बढेको छ । लामो समयसम्म विद्यार्थीका मागहरू सम्बोधन गर्न कलेज प्रशासन तयार नभएको भन्दै संयुक्त विद्यार्थी संगठनले मागपत्र टाँसेर के.एम.सी. प्रशासनमा दुई दिनअघि ताला लगाएका छन् ।

माग पुरा गर्नेतर्फ उदासिनता देखिएको भन्दै सोमबार विद्यार्थीहरुले नोबेल प्रशासनविरुद्ध गरेको सिठ्ठी जुलुसमा कलेज प्रशासनले हस्तक्षेप गर्दा झडप भएको थियो ।

उक्त झडपमा विद्यार्थी नेताहरू ताजिम अन्सारी, दिपेन्द्र मेहता टेकेन क्षेत्री, उमेश सेन्चुरी, सोयब अन्सारी, शहिल झासहित १ दर्जन बढी विद्यार्थी घाइते भएका छन् ।

नोबेल सञ्चालक सुनिल शर्मा अमेरिका पुगे

विराटनगर, ११ माघ (हाम्रोमत)- नोबेल मेडिकल कलेजका संचालक सुनिल शर्मा अमेरिका उडेको पुष्टि भएको छ । चिकित्सा शिक्षा आयोगको निर्णय तथा सरकारले पटकपटक दिएको निर्देशन पालना नगरेको भन्दै उनलाई पक्राउ गर्न गृहमन्त्रालयले तयारी गरेको थियो ।

नोबेल मेडिकल कलेजले अतिरिक्त शुल्क लिएको र फिर्ता हुनुपर्ने भन्दै विद्यार्थीहरुले आन्दोलन चर्काइरहेको बेला शर्मा फरार भएका हुन् । आफू पक्राउ पर्ने ठानेर शर्मा अमेरिका उडेको नोबेलका एक कर्मचारीले बताए । शर्मा काठमाडौं मेडिकल कलेजका सञ्चालक समेत हुन् । उनी आइतबार नै अमेरिका गएको बताइएको छ ।

पहिलो पृष्ठबाट बाँकी

प्रदेश १...

यस्तो छ दलगत अंकगणित

स्थानीय तहका अध्यक्ष/प्रमुख, उपाध्यक्ष/उपप्रमुख र प्रदेशसभाका सदस्य मतदाता हुने राष्ट्रियसभा निर्वाचनमा प्रदेश १ मा ३६४ मतदाता छन् । प्रदेश सभा सदस्यीय ९२ जना र स्थानीय तहको प्रमुख र उप्रमुख २ सय ७२ जना रहेका छन् ।

राष्ट्रियसभा निर्वाचनमा प्रदेशसभा सदस्यको मतभार ४८ र स्थानीय तहका जनप्रतिनिधिको मतभार १८ हुने कानूनी प्रावधान छ । जसअनुसार ९२ प्रदेशसभा सदस्यहरूको मतभार ४ हजार ४१६ र २७२ स्थानीय तहका जनप्रतिनिधिको मतभार ४ हजार ८९६ गरि जम्मा मतभार ९ हजार ३१२ रहेको छ ।

प्रदेशमा नेकपा एमालेका जनप्रतिनिधिको ४ हजार ५४२ मतभार छ भने पाँच दलीय गठबन्धनमा आबद्ध दलहरूको कुल मतभार ४ हजार ६८६ देखिएको छ । एमालेभन्दा गठबन्धन १ सय ४४ मतले अगाडि देखिएको छ ।

राष्ट्रिय सभा निर्वाचनका लागि प्रदेशको गठबन्धनमा आबद्ध नेपाली कांग्रेसको २ हजार ७३६, नेकपा माओवादी केन्द्रको १ हजार ८, नेकपा एकीकृत समाजवादीको ६७८, जनता समाजवादी पार्टीको २१६ र संघीय लोकतान्त्रिक राष्ट्रिय मञ्चको ४८ मतभार रहेको छ । प्रदेशमा गठबन्धन र एमालेबाहेक राप्रपाको १२० मतभार रहेको छ ।

प्रदेशमा नेकपा एमालेका ४१ जना प्रदेशसभा सदस्य, ६३ स्थानीय तहका प्रमुख र अध्यक्ष ७९ तहका उपाध्यक्ष र उपमेयर छन् । प्रदेशसभातर्फ एमालेको मतभार १ हजार ९६८ रहेको छ भने स्थानीय तहतर्फ १४३ जनप्रतिनिधिको २ हजार ५५६ मतभार रहेको छ ।

यसैगरी नेपाली कांग्रेसको प्रदेशसभा सदस्य २१ तथा स्थानीय तहका मतदाता प्रतिनिधि ९६ रहेका छन् । काँग्रेसका प्रमुख र अध्यक्ष ५४ तथा उपप्रमुख र उपाध्यक्ष ४२ को मतभार १ हजार ७२८ रहेको छ भने प्रदेशसभामा २१ सांसदको मतभार १००८ गरि जम्मा मतभार २ हजार ७३६ छ ।

नेकपा (माओवादी केन्द्र) १५ प्रदेशसभा सदस्य र स्थानीय तहका मतदाता प्रतिनिधि १६ जना छन् । माओवादीका १५ प्रदेशसभा सदस्यको ७२० मतभार रहेको छ भने प्रमुख र अध्यक्ष ९ जना तथा उपप्रमुख र उपाध्यक्ष ७ जनाको मतभार २८८ सहित माओवादीको जम्मा मतभार १ हजार ८ छ ।

नेकपा एमालेबाट विभाजित भएर बनेको नेकपा (एकीकृत समाजवादी)को प्रदेशसभामा १० सांसद र स्थानीय तहमा मतदाता रहेका १० जना जनप्रतिनिधि छन् । स्थानीय तहका प्रमुख र अध्यक्ष ४ जना तथा उपप्रमुख र उपाध्यक्ष ६ जनाको मतभार १८० रहेको छ भने प्रदेशसभा सदस्यको ४८० सहित एकीकृत समाजवादीको जम्मा मतभार ६६० रहेको छ ।

प्रदेशसभा सदस्य ३, गाउँपालिका अध्यक्ष २ र उपाध्यक्ष २ रहेको जनता समाजवादी पार्टीसँग २१६ मतभार रहेको छ भने अध्यक्ष ३, उपाध्यक्ष १ र प्रदेशसभा सदस्य १ रहेको राप्रपासँग १२० मतभार रहेको छ । प्रदेशसभामा १ सांसद रहेको संघीय लोकतान्त्रिक राष्ट्रिय मञ्चको ४८ मतभार रहेको छ ।

प्रदेश कार्यालय...

बैठकले १४ जिल्लाकै नेताहरुसँगको परामर्शमा जिल्ला संयोजक, निर्वाचन क्षेत्र तथा पालिका इन्चार्ज तोक्ने निर्णय पनि गरेको छ । पार्टीले आगामि फागुन चैतसम्म संगठनात्मक अभियान चलाउने भएको छ । यस्तै वडा तहसम्म महाधिवेशनको मूल भाव सम्प्रेषण गर्न प्रशिक्षण आयोजना गर्ने, पार्टीले गरेका कामको प्रचार गर्ने, एक वडामा न्यूनतम ३ टोल कमिटी निर्माण गर्ने, एक टोल कमिटी ३ सेल कमिटी निर्माण गर्ने, जनवर्गीय संगठन र मोर्चाको बाँकी सम्मेलन वडादेखि गर्दै वैशाखसम्म प्रदेश सम्मेलन गर्ने, पाटी सदस्य संख्या थप १ लाख ५० हजारलाई वितरण गर्ने निर्णय पनि बैठकले गरेको छ ।

यस्तै पालिका अधिबेशन सक्न बाँकी पालिकालाई माघ मसान्तसम्ममा सक्न पनि बैठकले निर्देशन दिएको छ । माओवादीको प्रदेश समितिको बैठकले आठ वटा जिल्लामा संयोजक पनि तोकेको छ । जसअनुसार खोटाङमा दिपक पाण्डे, उदयपुरमा बिनोद कट्वाल, सोलुखुम्बुमा असिम राई, भोजपुरमा नगेन्द्र भुजेल, तेह्रथुममा इम्जुङ, संखुवासभामा टेकमान राई, पाँचथरमा होमबहादुर जबेगु र इलाममा सोममाया राई संयोजक तोकिएका हुन् ।

कोशीमा...

फोहोरबाट अहिले बायो ग्याँस बनाउन सुरु गरिएको छ,' संयोजक सुवेदीले भनिन् । अस्पतालको उत्तरपट्टीको खाली जमिनमा बायो ग्याँस प्लान्ट निर्माण गरिएको छ । अस्पतालबाट निस्किने फोहर प्रसोधन गरिने आउटलेट ६ घनमिटर क्षमताको छ ।

'अस्पतालबाट निस्किने सालनाल राख्ने छुट्टै ठाउँ रहेको छ । सालनालसहितको फोहर इन्लेटमा राखेर बायो ग्याँसको लागि प्रशोधन गर्ने ठाउँमा पठाइने गरेको छ,' उनले भनिन् । अस्पतालले निकालेको बायो ग्याँसबाट उपकरण र औजारको निर्मलीकरण गर्ने तयारी सुरु गरिएको उनले बताइन् । 'बायो ग्याँस उत्पादन भएपछि चिकित्सक र स्वास्थ्यकर्मीले विरामीलाई प्रयोग गर्ने औजारको निर्मलीकरण यही बायो ग्याँसबाट गर्ने हामीले तयारी गरेका छौं,' उनले भनिन्, 'त्यसको लागि छुट्टै भवन निर्माण भइरहेको छ ।' एक महिनाभित्रमा फोहोर प्रशोधन गरेर ल्याएको बायो ग्याँस प्रशोधन गरिने छुट्टै एउटा घर निर्माण गरि उपकरणको निर्मलीकरण गर्नुको साथै अन्य विभिन्न कामहरु पनि गर्न सकिने अस्पतालका मेसु डा. चुमनलाल दासले जानकारी दिए ।

'यसअघि अस्पतालबाट निस्किने फोहोरहरू जथाभावी फाल्ने गरिएको थियो । बायो ग्याँस प्लान्टको तयारी गरेपछि हामीले एउटा पनि अस्पतालबाट निस्किने फोहोर बाहिर लैजान वा फाल्न दिएको छैन,' मेसु दासले भने, 'अस्पतालबाट निस्किने फोहोरको उचित व्यवस्थापन गरि बायो ग्याँस उत्पादन गर्न सुरु गरेका छौं ।' निटक भविष्यमा थप विस्तार गर्दै अगाडि बढ्ने उनले बताए । अस्पतालको पाँच लाख र उर्जा मन्त्रालयको ५ लाख गरि १० लाख लागतमा उक्त बायो ग्याँस प्लान्ट निर्माण भएको हो । उक्त प्लान्ट निर्माणको ठेक्का भगवती गोबर ग्याँसले पाएको थियो ।

स्नातकोत्तर क्याम्पसप्रमुख खत्रीको बिदाइ

विराटनगर, ११ माघ (हाम्रोमत)- स्नातकोत्तर क्याम्पस विराटनगरका प्रमुख महेशकुमार खत्रीलाई विदाई गरिएको छ । खत्री ६३ वर्षको उमेरहदका कारण अनिवार्य अवकासमा परेका थिए । क्याम्पसले मङ्गलबार एक कार्यक्रम खत्रीको विदाइ गरेको हो ।

पूविविका मानविकी, कला तथा शिक्षा संकायका डीन प्राध्यापक डाक्टर अनिलकुमार पोखरेलको प्रमुख आतिथ्यता, पूविविका पूर्व डीन प्राध्यापक डाक्टर खगेन्द्र आचार्य तथा क्याम्पस प्रमुख जयरानारायण श्रेष्ठ तथा सहकायक प्रमुख राम ढुंगेलले दोसल्ला र माला लगाएर विदाइ गरे ।

कार्यक्रममा प्राध्यापक संघका अध्यक्ष प्राध्यापक डाक्टर टुनराज भट्टराई, प्राडा राजुराम थापा, प्राडा शिवकुमार राईसहित हाल अमेरिकामा रहेका प्राडा रमेशप्रसाद अधिकारी र क्याम्पसका पूर्व प्रमुख डाक्टर मनोजकुमार राउतसमेत जुममार्फत सहभागी थिए ।

कार्यक्रममा वक्ताहरूले क्याम्पस प्रमुखको आगामी दिनमा अझै प्रगतिको आशा गरेका थिए । वक्ताहरुले क्याम्पसका प्राध्यापक, कर्मचारीहरूको चाहना स्नातकोत्तर क्याम्पस मै योग्य प्राध्यापक हुँदाहुँदै अन्यत्रबाट ल्याउने परम्परा बन्द हुनुपर्नेमा जोड दिँदै पूरा अवधि बाँकी रहेका व्यक्तिलाई नै क्याम्पस प्रमुख बनाए स्वागत गर्न पाउनुपर्नेमा जोड दिएका थिए ।

तारिणीप्रसाद संचारग्राम सञ्चालनमा आउँदै

विराटनगर, ११ माघ (हाम्रोमत)- रेडियो प्रसार विकास समिति रेडियो नेपाल र विराटनगर महानगरपालिकाबीच तारिणिप्रसाद कोइराला स्मृति संचारग्राम संचालनका लागि समझदारीपत्र (एमओयु) मा हस्ताक्षर भएको छ ।

विराटनगर-४ स्थित खारजीमा रहेको संचारग्राम संचालनका लागी रेडियो नेपाल र महानगरपालिकाबीच सम्झौतापत्रमा हस्ताक्षर भएको हो । संचार तथा सुचना प्रविधिमन्त्री ज्ञानेन्द्रबहादुर कार्कीको उपस्थितिमा सिंहदरबारस्थित रेडियो नेपालमा भएको सम्झदारीपत्रमा रेडियो नेपालका कार्यकारी निर्देशक वुद्धिबहादुर केसी तथा विराटनगर महानगरपालिकाको तर्फवाट प्रमुख प्रशासकीय अधिकृत उमेश बस्नेतले हस्ताक्षर गरेका हुन् ।

कार्यक्रमलाई सम्बोधन गर्दै मन्त्री कार्कीले विराटनगरमा निर्माण भएको तारिणिप्रसाद कोइराला संचारग्राम मुलुककै नमुना संचार ग्रामको रुपमा स्थापित हुने बताए । सबै प्रदेशमा संचारग्राम स्थापना गर्ने सरकारको लक्ष्य अनुसार पहिलो संचारग्रामको निर्माण ऐतिहासिक भएको भन्दै उनले यसको विकासका लागि मन्त्रालयले नीतिगत र निर्णयगत सहयोग गर्ने बताए । कार्यक्रममा बोल्दै विराटनगर महानगरपालिकाका प्रमुख भिम पराजुलीले रेडियो प्रसारणको इतिहासमा तारिणिप्रसाद कोइरालाको भूमिका र उहाँको सम्मानमा स्थापना गरिएको संचारग्राम नेपालको लागि नमुना र महत्वपूर्ण संचारग्रामको रुपमा स्थापित हुने बताए ।

मेयर पराजुलीले रेडियो नेपालको स्थापना दिवसको अवसर पारेर महागर एफएफ र संचारग्राम एकैसाथ संचालनमा ल्याउने तयारी भइरहेको बताए । रेडियो नेपालका कार्यकारी निर्देशक वुद्धिवहादुर केसीले तारणीप्रसाद कोइराला स्मृति संचारग्राम पूर्वी नेपालको महत्वपूर्ण डिजिटल प्लेटफर्मको रुपमा स्थापित हुने बताए । उनले रेडियो नेपालको वार्षिक उत्सवको अवसरमा चैत २० गतेदेखि संचारग्रा संचालनमा ल्याउने तयारी अन्तिम चरणमा पुगेको वताए ।

तपाईले सोचे जस्तै, तपाईले खोजे जस्तै
VISITING CARD
तपाईको व्यवसाय विस्तारको लागि
बनाउने होईन त भिजिटिङ कार्ड
रू. १ /Per pcs
*T & C Apply
mayurdigital022@gmail.com
☎ 021- 576206

अम्बे ईट्टा
अम्बे ईट्टाद्वारा उत्पादित उच्च
गुणस्तरीय अम्बे ईट्टा
सँधै प्रयोग गर्नुहोस् ।
उत्पादक:
अम्बे ईट्टा (प्रा.)लि.
मोरङ नेपाल ।
मार्केटिङ:
मो. : ९८५२०२४०५४

100% पास
नि:शुल्क भर्ना
प्राईभेट SEE +2
कोरियन
जापानिज
अंग्रेजी Basic & Advan.
एउटा छुट्टै मान्यता प्राप्त एकेडेमी
युनिभर्सल एकेडेमी
विराटनगर-08, मोरङ, नेपाल ☎:021-461322, 9802776007

Shadananda Municipality
Office Of the Municipal Executive

Dingla, Bhojpur
Province No.1, Nepal

Invitation for Electronic Bids

Second date of Publication: January 26, 2022, A.D. (2078/10/12 B.S.)

1. The Shadananda Municipality, Office of the Municipal Executive, Dingla, Bhojpur, Province No. 1, Nepal, invites electronic bids from eligible suppliers as below.

Contract ID	Name of Project	Estimated Amount (With VAT and PS)	Bid document Cost NRs.	Bid Security Amount (NRs)	Bid Validity	Deadline for bid submission	Bid opening date
Shadmun/ W/SQ/10/ 078/79	Ward karyalaya Bhawan Nirman (Ward no-01)	17,61,981.32	1,000	45,000	45 days	10th Feb 2022, 12:00 Hrs	10th Feb 2022, 13:00 Hrs

2. Eligible Bidders may obtain further information and inspect the Bidding Documents at the office of PPMO website www.bolpatra.gov.np/egp.
3. Information to deposit the cost of bidding document and bid security in Bank are given below:
   Name of Bank: Rastriya Banijya Bank, Dingla Branch, Bhojpur
   Name of the Office: Shadananda Municipality, Office of the Municipal Executive, Dingla, Bhojpur
   Office Code: 801010702
   Revenue Account no: ga-1-1-2290100301010002 (to deposit cost of bidding documents)
   Dharauti Khata Account no: ga-3- 2290100303000002 (to deposit Bid Security)
4. The bids will be opened in the presence of Bidder's representatives who choose to attend as mentioned above date and time at the Office of Shadananda Mucipality, Office of Municipal Executive, Dingla, Bhojpur. Bid security must be in pdf format which shall be valid for 30 days beyond the bid validity period. Bid Security should be issued in the name of Purchaser.
5. If the last date of purchasing and/or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission.
6. Other related rules and regulations are as per Public Procurement Act-2063 and Public Procurement Regulations-2064 following all revisions and other prevailing law of Nepal.

Chief Administrative Officer